# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) धनगढी, नेपाल, असार ४ गते, २०८३ साल (संख्या ३


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मापदण्ड, २०८३**



**प्रस्तावना:** सुदूरपश्चिम प्रदेशका स्थानीय तहको सङ्गठन संरचना तथा दरबन्दी सिर्जना र पुनरावलोकनको कार्य कार्यप्रकृति, कार्यबोझ र औचित्यका आधारमा वस्तुपरक बनाउन र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधार तथा प्रक्रियामा एकरुपता कायम गर्न मापदण्ड निर्धारण गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो मापदण्ड जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका वा नगरकार्यपालिका सम्झनु पर्दछ।

(ग) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश

स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ सम्झनु पर्दछ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ।

(च) "राष्ट्रिय मापदण्ड" भन्नाले सङ्गठन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ सम्झनु पदर्छ।

(छ) "सभा" भन्नाले गाउँसभा वा नगरसभा सम्झनु पर्दछ।

(ज) "सर्वेक्षण" भन्नाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्झनु पदर्छ।

## परिच्छेद-२

## सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रक्रिया

३. सर्वेक्षण गर्नुपर्नेः (१) सर्वेक्षण नगरी स्थानीय तहमा कुनैपनि सङ्गठनको स्थापना र दरबन्दी सिर्जना तथा पुनरावलोकन गरिने छैन।

(२) उपदफा (१) बमोजिम सर्वेक्षण गर्दा सेवा समूहका बिचमा दरबन्दी अनुपात र कर्मचारीको वृत्ति विकासमा सम्भव भएसम्म एकरुपता कायम हुनेगरी अनुसूची-१ को ढाँचा बमोजिमको कार्यबोझ तथा कार्यसम्पादन विश्लेषणका आधारमा गर्नु पर्नेछ।





४. संक्षिप्त सर्वेक्षण गर्न सकिनेः (१) स्थानीय तहले देहायको अवस्थामा कार्यपालिकाको स्वीकृति लिई संक्षिप्त सर्वेक्षण गर्न सक्नेछः-

(क) दरबन्दी थप नहुने अवस्थामा,

(ख) मौजुदा सङ्गठनमा शाखा वा फाँट हेरफेर गरी केही दरबन्दी मिलाउनु परेमा,

(ग) सङ्गठन संरचना यथावत राखी दरबन्दी कटौती गर्नु परेमा,

(घ) सङ्गठनको कार्यप्रणाली र व्यवस्थापनमा सामान्य सुधार गर्नु परेमा,

(ङ) कुनै सङ्गठन संरचना वा दरबन्दी खारेज गर्नु परेमा।

(२) उपदफा (१) बमोजिम गरिएको संक्षिप्त सर्वेक्षण स्थानीय तहको सभाबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ।

५. पूर्वस्वीकृति लिनुपर्नेः (१) स्थानीय तहले सर्वेक्षण गर्नुपूर्व सम्बन्धित कार्यपालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्वस्वीकृति लिई सर्वेक्षणको कार्य सम्पन्न नहुँदै कार्यपालिका परिवर्तन भएमा सर्वेक्षणका लागि पुनः पूर्वस्वीकृति लिनु पर्नेछ।

६. सर्वेक्षण समितिको गठनः (१) सर्वेक्षणको पूर्व स्वीकृतिपछि सम्बन्धित निकायले राष्ट्रिय मापदण्डको दफा ७ को उपदफा (१) को खण्ड इ. बमोजिमको समिति गठन गर्नु पर्नेछ।

(२) सर्वेक्षण सम्बन्धी अन्य व्यवस्था यस मापदण्डका अतिरिक्त राष्ट्रिय मापदण्ड, ऐन, नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ।

## परिच्छेद-३

## सङ्गठन संरचना र दरबन्दी सिर्जना तथा पुनरावलोकनका आधार

७. सङ्गठन संरचना र दरबन्दी सिर्जना तथा पुनरावलोकनका आधारः (१) स्थानीय तहले सर्वेक्षणद्वारा सङ्गठन संरचना तथा दरबन्दी सिर्जना वा थपघट गर्दा ऐन र नियमावलीमा उल्लिखित व्यवस्थाका अतिरिक्त देहायका आधारहरूको विश्लेषणबाट आवश्यकता र औचित्य पुष्टि भएको अवस्थामा मात्र गर्नु पर्नेछः-

(क) राष्ट्रिय मापदण्ड,

(ख) सम्वत् २०७५।९।९ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत सङ्गठन संरचना तथा दरबन्दी,

(ग) ऐन र नियमावली बमोजिमको आर्थिक दायित्व बहन गर्न सक्ने नसक्ने विषय,

(घ) नेपालको संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारका विषय,

(ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको कार्य जिम्मेवारी,



खण्ड १०) संख्या ३, प्रदेश राजपत्र भाग २ मिति २०८३।०३।०४

(च) नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरणसम्बन्धी प्रतिवेदन,

(छ) सम्बन्धित स्थानीय तह र प्रदेश सरकारका समष्टिगत एवं क्षेत्रगत दीर्घकालीन नीति, रणनीति, योजना तथा लक्ष्य र नियमित एवं आवधिक कार्यक्रम,

(ज) नयाँ संरचना प्रस्ताव गर्नुपर्ने अवस्थामा कार्यविश्लेषणका आधारमा निर्धारित कार्यविवरण र कार्यविशिष्टिकरण तथा कार्यमूल्याङ्कनबाट आवश्यक देखिने सङ्गठन संरचना तथा दरबन्दी, सेवा, समूह एवं उपसमूह अनुरुपको पदसोपान र दरबन्दी अनुपात,

(झ) कार्यसम्पादनमा सूचना प्रविधिको उपयोगको सम्भावना र सोबाट जनशक्तिमा गर्न सकिने कटौती,

(ञ) साविकको संरचनामा खारेजी वा परिवर्तन गर्नुपर्ने भएमा मौजुदा जनशक्ति र सम्पत्तिको व्यवस्थापनको उपाय,

(ट) सङ्गठन संरचना तथा दरबन्दी थप गर्दा पर्ने वित्तीय दायित्व र सोको व्यवस्थापनको उपाय,

(ठ) प्रस्तावित सेवा, समूह, उपसमूह तथा

पदनाम ऐन र नियमावली बमोजिम रहे नरहेको विषय।

(२) गाउँपालिका र नगरपालिका (वडा कार्यालयसमेत) को सङ्गठन संरचना तथा दरबन्दी सञ्चालनको अधिकतम लागत सम्वत् २०७५।९।९ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत सङ्गठन संरचना तथा दरबन्दीको सञ्चालन लागतमा यो मापदण्ड लागु भएपछि एक पटकका लागि अधिकतम १० प्रतिशतभन्दा नबढ्ने गरी आवश्यकता र औचित्यताका आधारमा पुनरावलोकन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम पुनरावलोकन गरी कायम भएको स्थानीय तहको सङ्गठन संरचना तथा दरबन्दी समेत नियमित रुपमा गर्नुपर्ने सेवा प्रवाहका लागि पर्याप्त नभई तत्काल सोमा वृद्धि नगरी नहुने तथ्यपरक आधार देखिएमा सोही सर्वेक्षणका क्रममा एक पटकका लागि त्यसरी वृद्धि गरिने सङ्गठन संरचना र दरबन्दीको सञ्चालन लागतमा हुने वृद्धि प्रतिशत सम्बन्धित स्थानीय तहको विगत तीन वर्षको वार्षिक राजश्व संकलनमा भएको औसत वृद्धि प्रतिशतको अधिकतम एक तिहाईभन्दा बढि नहुनेगरी वृद्धि गर्न सकिनेछ।

तर स्थानीय तह मातहत सञ्चालन हुने स्वास्थ्य संस्थाको सङ्गठन संरचना र दरबन्दी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्डभित्र रही स्वीकृत गर्न बाधा पर्ने छैन।



खण्ड १०) संख्या ३, प्रदेश राजपत्र  भाग २ मिति २०८३।०३।०४

(४) स्थानीय तहले हाल कायम रहेको सङ्गठन संरचना र दरबन्दीलाई यस दफा अनुरुप समायोजन गर्न यो मापदण्ड जारी भएको ६० (साठी) दिनभित्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी आफ्नो समग्र सङ्गठन संरचना र दरबन्दीमा आवश्यक पुनरावलोकन गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम गरिएको पुनरावलोकनबाट सङ्गठन संरचना र दरबन्दी कटौती हुँदा त्यस्तो दरबन्दीमा कार्यरत स्थायी कर्मचारीको हकमा पुल दरबन्दी कायम गरी त्यसपछि रिक्त हुने दरबन्दीमा क्रमशः मिलान गर्दै जानु पर्नेछ। यसरी दरबन्दी मिलानको प्रक्रिया पूरा नभएसम्म सम्बन्धित पदमा नयाँ पदपूर्ति गरिने छैन।

(६) उपदफा (४) बमोजिम सङ्गठन संरचना तथा दरबन्दी पुनरावलोकन गरेपछि थप सङ्गठन संरचना तथा दरबन्दी सिर्जना गर्दा सोको कारण सञ्चालन लागतमा हुने वृद्धि प्रतिशत सम्बन्धित स्थानीय तहको विगत तीन वर्षको वार्षिक राजश्व संकलनमा भएको औसत वृद्धि प्रतिशतको अधिकतम एक तिहाईभन्दा बढि नहुनेगरी गर्नु पर्नेछ।

(७) यस मापदण्ड बमोजिम सङ्गठन संरचना र दरबन्दीको सञ्चालन लागतको गणना अनुसूची-२ बमोजिमको ढाँचामा गरिने वित्तीय विश्लेषणका आधारमा गर्नु पर्नेछ।

८. <u>सर्वेक्षण गर्दा ध्यान दिनुपर्ने विषयः</u> (१) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा ऐन र नियमावलीमा उल्लेख भएका विषयका अतिरिक्त देहायका विषयहरूमा ध्यान दिनु पर्नेछः-

(क) सेवाको न्यूनतम मापदण्ड, सेवा पुऱ्याउनु पर्ने भूगोल वा क्षेत्रफल र जनसंख्यालाई मुख्य आधार लिनु पर्ने,

(ख) प्रदेश सरकारका कार्यालयसँग दोहोरो नपर्ने गरी गर्नुपर्ने,

(ग) आन्तरिक आय र सिर्जना हुने आर्थिक दायित्व बिच सन्तुलन कायम हुने गरी गर्नुपर्ने,

(घ) ऐन र नियमावली बमोजिमको आर्थिक दायित्व बहन गर्न सक्ने हुनुपर्ने,

(ङ) राष्ट्रिय मापदण्डमा उल्लिखित विषय।

## परिच्छेद-४
## विविध

९. **मूल्याङ्कन समितिः** (१) स्थानीय तहले तयार गरेको सर्वेक्षण प्रतिवेदन बमोजिमको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृतिका लागि सभामा पेस गर्नुपूर्व सोको मूल्याङ्कन गर्न मन्त्रालयमा देहायको एक मूल्याङ्कन समिति रहनेछः-

(क) प्रदेश सचिव, मन्त्रालय -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -सदस्य

(ग) प्रमुख वा निजले तोकेको अधिकृत, प्रदेश किताबखाना -सदस्य





(घ) शाखा प्रमुख, कर्मचारी प्रशासन, मन्त्रालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम स्थानीय तहबाट मूल्याङ्कनका लागि प्राप्त भएको प्रस्तावित सङ्गठन संरचना तथा दरबन्दी तेरिजको मूल्याङ्कन समितिले ७ (सात) दिनभित्र गरी ऐन, नियमावली, यस मापदण्ड एवम् राष्ट्रिय मापदण्ड बमोजिमको आधार र प्रक्रिया पूरा भएको पाइएमा स्वीकृतिका लागि र कुनै सुझाव भएमा सो समेतलाई समावेश गरी पुनरावलोकनका लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनरावलोकनको लागि पठाइएकोमा सम्बन्धित स्थानीय तहले समितिले दिएका सबै सुझाव समावेश गरेमा समितिमा मूल्याङ्कनका लागि पुनः पेस गर्नुपर्ने छैन।

१०. **समन्वय तथा सहजीकरण गर्नेः** यस मापदण्डको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ।

११. **अनुसूचीमा संशोधन र हेरफेरः** मन्त्रालयले यस मापदण्डमा रहेका अनुसूचीमा आवश्यकता अनुसार संशोधन, थपघट तथा हेरफेर गर्न सक्नेछ।

१२. **बाधा अड्काउ फुकाऊः** यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची-१

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

### कार्यबोझ तथा कार्यसम्पादन विश्लेषण

| क्र.सं. | मुख्य कार्य | विगत ३ वर्षमा हासिल भएको उपलब्धि | आगामी दिनमा गरिने कार्य | कार्य प्रकृति (पूर्वाधार विकास/नीति निर्माण/सेवा प्रवाह लगायत) | एक हप्ताको कार्य अवधि (घण्टामा) | तहगत जनशक्ति प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |





## अनुसूची-२

दफा ७ को उपदफा (७) सँग सम्बन्धित

### सङ्गठन संरचना तथा दरबन्दी सञ्चालनको लागत विश्लेषण (वित्तीय विश्लेषण)

**(क) कर्मचारीको लागत**

| सि.नं. | पद | तह | सेवा/समूह | मौजुदा जम्मा दरबन्दी | मासिक | | | | | | | | पोशाक भत्ता वार्षिक | चाडबाड खर्च वार्षिक | जम्मा दरबन्दीको मासिक | महिना | चाडपर्व र पोशाक | वार्षिक कुल जम्मा दायित्व | प्रस्तावित दरबन्दी | थप/घट | प्रस्तावित दरबन्दीको दायित्व जम्मा | फरक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शुरु तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | कुल ग्रेड | क.सं. कोष थप | बीमा थप | महंगी भत्ता | मासिक जम्मा | | | | | | | | | | |
| | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ |
| | | | | | | | | ३*४ | (२+५)*१०% | | | २+५+६+७+८ | | २+५ | १*९ | | (१०+११)*१ | (१२*१३)+१४ | | १६-१ | ((९*१३)+(१०+११))*१६ | १८-१५ |
| १ | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | |

**(ख)  राजनीतिक पदाधिकारीको लागत**

| राजनीतिक पदाधिकारी र निजको सहयोगका लागि | राजनीतिक नेतृत्वसँग सम्बन्धित | | | | | हालको कुल | सर्वेक्षणपछि कार्यालय थपघट भई हुने कुल खर्च | फरक |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च शीर्षक | राजनीतिक नेतृत्व | कर्मचारी | | | | | |
| | | | १ | २ | ३ | | | |
| कानून बमोजिम नियुक्त हुने कर्मचारीको तलब, भत्ता, पारिश्रमिक तथा सुविधा | तलबभत्ता/ पारिश्रमिक | | | | | | | |
| | सवारी साधन | | | | | | | |
| | ईन्धन | | | | | | | |
| | मर्मत खर्च | | | | | | | |
| | सञ्चार | | | | | | | |
| | आवास | | | | | | | |
| | बैठक भत्ता | | | | | | | |
| | अतिथि सत्कार | | | | | | | |
| | अन्य | | | | | | | |
| | कुल जम्मा | | | | | | | |

**आज्ञाले,**

**विमल प्रसाद बराल**

**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १०।-